# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १२ गते २०२६ साल

### सर्वोच्च अदालतको
### सूचना

बर्दिया जिल्ला अदालतको रिक्त राजपत्रांकित तृतीय श्रेणी जिल्ला न्यायाधीश पदमा निजामती सेवा नियमावली २०२१ को नियम ८. २ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका ए. ना. सु. श्री भाईकाजी श्रेष्ठलाई बढीमा ३ महीनाको लागि मिति ०२६–६–१५–१ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का. मु. रजिष्ट्रार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८. २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सम्मानयनी प्रधान न्यायाधीशज्यूबाट यस अदालतका असिष्टेन्ट रजिष्ट्रार श्री केदारप्रसाद शर्मालाई लुम्बिनी अंचल अदालतको रिक्त रा. प. प्रथम श्रेणीको अंचल न्यायाधीश पदमा मिति ०२६।७।६।४ देखि का.मु. मुकरर गरी गण्डकी अंचल अदालतका का.मु. अंचल न्यायाधीश श्री मोहनबहादुर श्रेष्ठ घरबिदामा जानुभएकोले निज हाजिर नभएसम्म गण्डकी अंचल अदालतमा काम गर्न लगाउने समेत गरी सोही मितिदेखि काज खटाइएको छ ।

आज्ञाले–
ध्रुवबरसिंह थापा
निमित्त रजिष्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका जगेडा का. मु. अंचल न्यायाधीश श्री ओमभक्त श्रेष्ठलाई वाग्मती अंचल अदालतको का. मु. अतिरिक्त अंचल न्यायाधीश भई काम गर्न मिति ०२६।७।७।२ देखि खटाइएको छ ।

आज्ञाले–
ध्रुवबरसिंह थापा
निमित्त रजिष्ट्रार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

860

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।